## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
# आर्थिक विकास (कृषि विकास) शाखा
# अनुदानमा नेट/पोलीहाउस निर्माण कार्यक्रम सम्बन्धि सूचना
# (दोश्रो पटक सूचना प्रकाशित मिति : २०७५/१२/०५ गते)

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.ब. २०७५/७६ को वार्षिक स्वीकृत कार्यक्रम (कार्यक्रम शीर्षक नं. ८) अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका कृषक समूहहरु, कृषि सहकारी संस्थाहरुको लागि मल्चिङ सहित को ३ वटा नेट/पोलीहाउस निर्माण गर्न अनुदान उपलब्ध गराउने भएकोले तपसिलको शर्तहरुको अधिनमा रहि २०७५ चैत्र १९ भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा मा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. निवेदन दस्तुर रु १००।- (फिर्ता नहुने गरी) नगद तिरेको रसिद सहित हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।

२. निवेदन फाराम मल्चिङ सहित को नेट/पोलीहाउस निर्माण गर्ने कार्यक्रमको लागि मात्र हुनु पर्ने छ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।
   क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)।
   ख) संस्था को प्यान दर्ता प्रमाणपत्र को प्रतिलिपी र अडिट रिपोर्ट ।
   ग) मल्चिङ सहित को नेट/पोलीहाउस निर्माण गर्ने कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी

४. अनुदान कार्यक्रममा छनौट भएमा कार्यालयले तोकेको स्पेसिफिकेशन बमोजमको कूल लागत मध्ये रु एक लाख अनुदान प्राप्त हुनेछ बांकी रकम समूह /सहकारी ले व्यहोर्नु पर्नेछ ।

५. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित समूह /सहकारी /संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मा रहने छ ।

७ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**फोन ०५७- ५२०३७७ मो. ९८५५०६८३९३**